नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३४ अंक ८० २०८१ साल कात्तिक ५ गते सोमबार (21 Oct. 2024 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सबै समुदायको अपनत्वका.. ३ पृष्ठमा : सन्तुलित परराष्ट्र नीति ... ३ पृष्ठमा भारतीय एयरलाइन्सलाई बमक्ष ...

# यात्रुबाहक वस पल्टिदा एकको मृत्यु, २२ जना घाईते




**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

मोटरसाईकललाई ठक्कर दिएर अनियन्त्रित भई यात्रुबाहक वस पल्टिदा आइतबार बिहान सप्तरीमा एक जनाको ज्यान गएको छ ।

दुर्घट्नामा मोटरसाईकल चालकसहित २२ जना घाईते भएका छन । जस मध्ये तीन जनाको अवस्था गम्भिर रहेको प्रहरीले जनाएको छ ।

उदयपुरबाट काकडभिट्टातर्फ जादै गरेको प्रदेश १-०१-००१ख.४१२ नम्बरको यात्रुबाहक वसले पूर्वपश्चिम राजमार्ग अन्तर्गत कंचनरुप नगरपालिका २ बरमझिया सडक खण्डमा विपरित दिशाबाट आउदै गरेको स.५प.१५९३ नम्बरको मोटरसाईकललाई ठक्कर दिदै अनियन्त्रित भई पल्टिएर सो दुर्घट्ना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा वस सवार धनकुट्टाकी ५३ वर्षिया मैया राईको घटनास्थल मै मृत्यु भएको इलकाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक महेन्द्र नेपालले जानकारी दिए ।

दुर्घटनामा मोटरसाईकल चालक कंचनरुप नगरपालिका २ बरमझिया निवासी २५ वर्षिय सुमित पण्डित सहित २२ जना घाईते भएका छन । जस मध्ये मोटरसाइकल चालक पण्डित सहित गम्भीर घाईते भएका तीन जनाको विराटनगरस्थित न्यूरो अस्पताल तथा अन्यको जिल्लास्थित विभिन्न अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

घटना पछी बस चालक भने फरार भएको र उनको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी जीतेन्द्र कुमार बस्नेतले बताए ।

तिब्र गतिमा रहेको बसले मोटरसाइकललाई ठक्कर दिएपछी नियन्त्रण गुमाउँदा सो दुर्घट्ना भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएके छ ।

मृतकको शव गजेन्द्र नारायण सिह अस्पताल पुऱ्याइ दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पूर्व गृहमन्त्री लामिछानेलाई ६ दिन हिरासतमा राख्न अनुमति

**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

गृहमन्त्री तथा रास्वपाका सभापति रवि लामिछानेलाई ६ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ ।

कास्की जिल्ला अदालतले उनलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न कास्की प्रहरीलाई अनुमति दिएको हो ।

कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले न्यायाधीश नवराज दाहालको इजलासले लामिछानेलाई ६ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको पुष्टि गरे ।

आइतबारै जिल्ला प्रहरी कार्यालय कास्कीले उनलाई सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान गर्न भन्दै म्याद थपका लागि अदालतमा उपस्थित गराएको थियो ।

अदालतमा भएको बहसपछि न्यायाधीशले म्याद दिएसँगै अब प्रहरीले अनुसन्धान कार्य अघि बढाउनेछ ।

शुक्रबार सूर्यदर्शन सहकारी ठगी प्रकरणमा काठमाडौँबाट पक्राउ परेको उनलाई सोही राति पोखरा पुऱ्याइएको छ । उनी पक्राउ परेसँगै पार्टी नेता कार्यकर्ता भने आक्रोशित बन्दै सडकमा उत्रिएका छन् । आइतबार पनि पोखरामा दिनभर रास्वपाका कार्यकर्ताले प्रदर्शन गरेका थिए ।

# सुनको मूल्य एक लाख ६५ हजार कायम

काठमाडौं, ४ कात्तिक (रासस) ।

स्थानीय बजारमा सुनको मूल्य हालसम्मकै उच्च भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबार सुनको मूल्य प्रतितोला रु छ सयले वृद्धि भइ एक लाख ६५ हजार कायम भएको छ ।

महासङ्घका अनुसार शुक्रबार छापावाल सुन प्रतितोला रु एक लाख ६४ हजार चार सयमा कारोबार भएको थियो ।

त्यस्तै चाँदीको मूल्य तोलामा रु ९५ ले वृद्धि भएको छ । शुक्रबार प्रतितोला रु एक हजार नौ सय ८० मा कारोबार भएको चाँदीको मूल्य आइतबारका लागि भने रु दुई हजार ७५ निर्धारण भएको महासङ्घले जनाएको छ ।

# डाक्नेश्वरीका वडा अध्यक्षको निधन, ३ वडा जनप्रतिनिधीविहिन

**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका १ का वडाध्यक्ष प्रितमलाल चौधरीको हृदयघातबाट निधन भएको छ ।

६० वर्षिय चौधरीको आईतवार बिहान घरमै हृदयघातबाट निधन भएको परिवारजनले जनाएको छ । गत स्थानिय तहको निर्वाचनमा उनी नेपाली कांग्रेसबाट वडाध्यक्षमा निर्वाचित भएका थिए ।

उनको निधनमा पालिकाले शोक मनाउन आइतवार नगरपालिका र मातहतका सबै कार्यालयमा शोक विदा दिएको नगर प्रमुख रामलखन मुखियाले जानकारी दिए ।

यस अघि उक्त नगरपालिका वडा ४ का वडाध्यक्ष हरिप्रसाद रायको गत वर्ष मृत्यु भएको थियो । यस्तै वडा नं.२ का वडाध्यक्ष रहमान मियाँ अहिले सुरक्षा भत्ता अपचलन गरेको आरोपमा कारागारमा छन । जसकारण अहिले १० वडा रहेको डाक्नेश्वरी नगरपालिकाको ३ वटा वडा जनप्रतिनिधी विहिन भएको छ ।

# आन्दोलनका लागि तयार रहन जनमत पार्टीको निर्देशन

**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

जनमत पार्टीको केन्द्रीय सचिवालय बैठकले देशको विषम परिस्थितिलाई दृष्टिगत गरी सबै तहका संगठनलाई आन्दोलनका लागि तयार रहन निर्देशन दिने निर्णय गरेको छ ।

आइतबार काठमाडौंस्थित पार्टीको केन्द्रीय सम्पर्क कार्यालयमा बसेको केन्द्रीय सचिवालय बैठकले २०८१ मङ्सिरमा हुने स्थानीय उपनिर्वाचनका लागि जिल्ला इन्चार्जको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय समेत गरेको छ ।

सो समितिमा निर्वाचन हुने वडा र पालिकाका केन्द्रीय समिति सदस्य, राष्ट्रिय परिषद् सदस्य, प्रदेश सदस्य, पालिका अध्यक्ष, पालिकाका पूर्वअध्यक्ष, वडाअध्यक्ष र वडाका पूर्वअध्यक्ष रहनेछन् ।

निर्वाचन परिचालन समितिले कार्त्तिक १४ गतेसम्म उम्मेदवारको नाम सिफारिस गरेर केन्द्रीय सचिवालयमा पठाउने निर्णयसमेत भएको छ ।

बैठकले संगठनलाई अझ सशक्त तरिकाले अगाडि बढाउने, विस्तार गर्ने, पार्टी प्रवेश गराउने सामूहिक प्रतिबद्धता व्यक्त गर्दै २०८४ को निर्वाचनमा बहुमतले तीनवटै तहमा सरकार बनाउनका लागि हरेक किसिमको तयारी गर्ने निर्णय गरेको पार्टीका राष्ट्रिय प्रवक्ता डा.शरदसिँह यादवले बताए ।

**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

निमोनियाबाट बालबालिकालाई बचाउन,

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुपणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अभियानलाई निरन्तरता देऊ

जिल्लामा हुने गरेको विभिन्न प्रकारका घटना, दुर्घटना तथा आपराधिक क्रियाकलापहरुलाई निरुत्साहित गर्न जनचेतनामूलक अभियान आवश्यक रहेको छ । त्यस्ता खाले कतिपय क्रियाकलापहरुलाई जनचेतनामूलक अभियानबाटै निरुत्साहित गर्न सकिन्छ । छिमेकी छिमेकीबीच, आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झै-झगडाका घटनाहरुलाई अभियानबाटै निरुत्साहित गर्न सकिन्छ भने जघन्य अपराधलाई कानुनी उपचार नै चाहिन्छ । यस्ता घटनाले सामाजिक सद्भाव तथा आपसी भाइचारा समेत खलबलाउन सक्ने सम्भावना पनि बढेको छ ।

घरायसी विवाद, व्यापार घाटा, बैदशिक रोजगारीमा असफल, बित्तिय संस्थाको ऋण, प्रेममा असफल तथा पति पत्निबीचको द्वन्दले आत्महत्याका घटनाहरु बढेको प्रहरीको तथ्याङकले देखाउछ । यस्तै कुनै न कुनै वहानामा छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले घटनाहरु भइरहेको छ । यी घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेकोले यस्तालाई निरुत्साहित गर्न समाजिक स्तरबाटै उपाय खोज्नु पर्ने आवश्यकता रहेको छ । यसका लागि समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सकिए पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ ।

कुनै पनि घटना न्युनिकरणका लागि प्रहरीको एकल प्रयासले मात्र सम्भव हुँदैन् । सम्पूर्ण सरोकारवाला निकाय, स्थानिय तहका पदाधिकारी लगायतको सहयोग चाहिन्छ । तसर्थ यस्ता घटनाहरुलाई गम्भिरतापूवर्क मनन् गरे अभियानलाई निरन्तरता दिनु आवश्यकता देखिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सबै समुदायको अपनत्वका लागि रासस मातृभाषा समाचार सेवा

**धर्मेन्द्र झा**

काठमाडौँ, ४ कात्तिक (रासस) ।

पछिल्ला दुई वर्षमा राष्ट्रिय समाचार समिति (रासस)मा स्पष्ट देखिएका चार पक्ष छन्- श्रव्यदृश्य सेवा, मातृभाषा समाचार सेवा, मिडिया सङ्ग्रहालय र मध्यरात अर्थात् २४सै घण्टे सेवा । अघिल्ला दुई सेवाबारे यसअघिका व्यवस्थापनले सोचसम्म राखेको देखिन्छ भने आमनिर्वाचन, भूकम्प, महामारी, विपद् आदि र मुलुकका अन्य महत्त्वपूर्ण घटनाका समयमा रासस जस्तो राज्यको समाचार समितिले २४सै घण्टा सेवा दिनु उपयुक्त र जरुरी भएको महसुस बाक्लो ढङ्गले गरिँदै आइएको थियो । विश्व भूमण्डलीकरणले एक सानो गाउँका रूपमा संसारकै मिडियामा उल्लिखित उपर्युक्त सबै सेवा अहिले राससमा पनि लागू भइसकेको छ- क्रमशः २०७९ साउन, २०८० पुस, २०८१ साउन र २०८१ भदौ ।

विश्वमै र नेपालमा पनि आमसञ्चारमाध्यम वा समाचार कर्म वा पत्रकारिताका नयाँनयाँ आयाम विस्तार हुँदै जाँदा राससले पनि बदलिँदो समयानुरूप तस्बिर, श्रव्य, आलेख समाचार सेवा प्रदान गरिसके पनि प्रविधि, बजेट तथा जनशक्ति व्यवस्थापन मिलाउन लागेको समयका कारण धेरै पछि मात्र श्रव्यदृश्य, मातृभाषा र अहोरात्र सेवा दिन सकियो । राससलाई यस स्थितिसम्म आउन अघिल्ला व्यवस्थापन, नेतृत्व र कर्मचारी, पत्रकार, राससमा क्रियाशील सङ्घसङ्गठन तथा विभिन्न कालखण्डका सरकार तथा स्थानीय तह, शुभेच्छुक आदिको योगदान अविस्मरणीय छ ।

अहिले राससले आफ्ना सेवाका रूपमा नेपाली-अङ्ग्रेजी-अन्तर्राष्ट्रिय समाचार, आलेख समाचार, विचार, तस्बिर, श्रव्य र श्रव्यदृश्य सामग्री तथा अवधी मातृभाषा समाचार सेवा प्रदान गर्दै आएको छ । अन्तरराष्ट्रिय समाचार नेपाली र अङ्ग्रेजी दुवै भाषामा तथा आलेख समाचारका साथ समसामयिक विषयमा रासस बाहिरका विभिन्न विषयका विज्ञ, विश्लेषक तथा जानकार एवं स्थापित पत्रकारका विचार र अन्तर्वार्ता पनि राससमा प्रकाशन हुने गरेका छन् । यसबाट राससका सेवाग्राही तथा पाठक-स्रोता-शुभेच्छुक बढ्दै संस्थाको छवि आमसञ्चारकर्मी, प्राज्ञिक समुदाय, समाचार उपभोक्तामाझ उजिलिनका साथै आफ्नै आयाम पनि फैलँदै गएको महसुस भइरहेको छ ।

पछिल्लो दुई वर्ष लगातार गणतन्त्र दिवसका दिन आयोजना भएको दुई तस्बिर प्रदर्शनी (संस्कृति र भौतिक विकाससम्बन्धी) तथा गत साउन ३२ गते उद्घाटन भएको रासस मिडिया सङ्ग्रहालयमार्फत राष्ट्रिय जीवनका विभिन्न पक्षका महानुभावसँग अन्तरक्रिया, अन्तरघुलन भएको छ भने घाइते-बिरामी भएका संस्थाका कर्मचारी र संस्था बाहिर सामाजिक सेवा गर्न खडा गरिएको सामाजिक उत्तरदायित्व कोषले त्यस दिशातर्फ पनि योगदान दिने निश्चित नै छ । आफ्ना सेवाग्राहीसँग हरेक छ/छ महिनामा आयोजना हुँदै आएको छलफलले पनि राससलाई राम्रै पृष्ठपोषण प्राप्त भई सुधारका लागि अघि बढ्न मद्दत मिलेको छ ।

राज्यद्वारा सञ्चालित आमसञ्चारमाध्यम गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन र रासस विविध माध्यमबाट जनताको सूचनाको हकप्रति संवेदनशील हुँदै विविध समाचार प्रदान गर्न क्रियाशील छन् नै, राज्य वा सरकारका विभिन्न समयका नीति, निर्णय, निर्देशनजस्ता जानकारी समयमै पस्कन पनि अग्रसर नै रहिआएका छन् । दैनिक तथा निरन्तर रूपमा राज्यका सूचना तथा जनताका पिरमर्का, समस्या तथा सफलताका कथा प्रवाह गर्न कुनै न कुनै भाषाको आवश्यकता पर्छ ।

नेपाल र नेपालीका लागि कामकाजी र सम्पर्क भाषाका रूपमा रहेको नेपाली भाषा तथा विश्वभर सूचना र समाचार पुऱ्याउन अन्तर्राष्ट्रिय भाषाका रूपमा रहेको अङ्ग्रेजी भाषा उल्लिखित मिडियामा प्रयोग गरिएको छ । प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्रपछि भने सबै भाषाभाषीलाई टेवा दिन स्थानीय भाषामा पनि मिडियाले सूचना र समाचार तथा कार्यक्रम दिन र चलाउन थालेका छन् । प्रजातन्त्रमा सबै फूलहरूले फुल्न पाउनुपर्ने मान्यता नै छ । बहुलवादको मर्म आत्मसात् गरी तदनुकूल कार्यान्वयनको प्रयास थालिनु सुखद छ ।

बहुदलीय संसदीय व्यवस्थाको पुनःस्थापनापछि विसं २०५४ मा काठमाडौँ महानगरपालिकाले द्वैभाषिक (नेपाली र नेपाल भाषा) नीति लागू गर्ने निर्णय गऱ्यो भने राजविराज नगरपालिका र धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई पनि सरकारी कामकाजको भाषाका रूपमा चलाउन खोजे पनि सर्वोच्च अदालतले विसं २०५६ जेठ १८ गते 'नेपाल अधिराज्यको संविधान, २०४७' को हवाला दिएर त्यसविरुद्ध फैसला दियो । यसबाट भाषिक स्वायत्ततालाई कुण्ठित गरियो भन्ने बुझाइ सरोकार पक्षमा विकसित हुन पुग्यो ।

राज्यको स्वामित्वको रेडियो नेपालले विसं २०५१, नेपाल टेलिभिजनले २०७९ र 'गोरखापत्र'ले २०६४ देखि मातृभाषामा समाचार र कार्यक्रम दिन थालेका हुन् भने आफ्नो स्थापनाको ६२ वर्षपछि मात्र गतसाल राससले नेपालगञ्ज उपमहानगरपालिकाको सहयोगमा बढी वक्ता भएको सातौँ दर्जाको 'अवधी' मातृभाषामा समाचार सेवा दिन सुरु गरेको हो । यस प्रयासका माध्यमबाट भुइँ मानिससम्म सूचना प्रवाह गर्नका लागि रासस स्थानीय तहसँग सहकार्य गर्न तयार रहेको महत्त्वपूर्ण सन्देश प्रदान गर्न सफल रह्यो ।

त्यसो त रेडियो नेपालले २००८ सालदेखि नै नेपाल भाषामा समाचार प्रसारण गरिरहेको तथा पछि 'जीवन दबु' कार्यक्रममार्फत समाचार र कार्यक्रम चलाए पनि २०२२ मा हठात् बन्द गराइयो । रेडियो नेपालले हालसम्म २४, एनटिभीले सात (चालु वर्षमा चार भाषा थप हुने योजना), गोरखापत्रले ४४ र राससले तीन मातृभाषामा समाचार प्रकाशन प्रसारण गरेका छन् । रासस अवधी भाषा समाचार सेवा राससको समावेशिताउन्मुख चरित्रको सङ्केतका रूपमा मात्र आएको थियो भने सङ्घीय सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत चालु आर्थिक वर्षमा रु २४ लाख विनियोजन भएपछि भने यस सेवाले सङ्घीय मान्यता पनि पायो ।

गत असोज २९ गतेदेखि परीक्षणका रूपमा लामो परम्परा भएका र समृद्ध तथा विसं २०७८ को राष्ट्रिय जनगणनानुसार दोस्रो बढी वक्ता भएको 'मैथिली' र बागमती प्रदेशलेसमेत कामकाजी भाषाको मान्यता दिएका दुई (तामाङ र नेपाल भाषा) मध्ये एक र प्रदेशमा दोस्रो बढी वक्ता भएको 'नेपाल भाषा' समाचार सेवा सुरु भइसकेको छ ।

गत भदौ महिनादेखि सुरु भएको 'रासस मध्यरात सेवा' मूलतः राज्य र जनता लक्षित हो भने मातृभाषा समाचार सेवा जनताले बोल्ने, लेख्ने, व्यवहार गर्ने भाषाको संस्थागत संरक्षण, प्रवर्द्धनमार्फत सभ्यताको एक अङ्ग जोगाएर अन्ततः विश्वको निधि नै संरक्षण गर्ने र आमव्यक्तिको सूचनाको हकको सम्मान गर्ने उद्देश्य परिपूर्ति गर्ने पहलकदमी हो ।

यस सन्दर्भमा एउटा कुरा भन्नैपर्छ, भाषाको प्रयोगका सम्बन्धमा यदाकदा मानकको कुरा उठ्ने गरेका पृष्ठभूमिमा दुवै भाषाका सरोकार पक्षले विभिन्न समयमा भएका अन्तरक्रियामा तिनको मानक र स्तरीयताका लागि राखेको चासो सम्बोधन गर्न रासस गम्भीर छ ।

विसं २०७२ मा लागू भएको 'नेपालको संविधान' ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका सबै नेपाली जनता समष्टिमा राष्ट्र भएको परिभाषा दिँदै यिनै विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गरिने सङ्कल्प गरेको छ । 'नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन्' भनी स्पष्ट रूपमा स्वीकारिएको पनि छ । भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायको नेपाल सरकारसमक्ष सिफारिस गर्ने, भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्नेलगायत कामका लागि संविधानमै भाषा आयोगको व्यवस्था (धारा २८७) पनि गरिएको छ ।

त्यस्तै भाग ३ मा रहेको मौलिक हक र कर्तव्यअन्तर्गत धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ जसमा कानुनबमोजिम गोप्य राख्नुपर्ने विषयबाहेक प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने उल्लेख छ । यसैले भाषा संरक्षण र सूचनाको हकको परिपालनाका लागि पनि राज्यको स्वामित्वमा रहेका आमसञ्चारमाध्यम र अन्य सम्बन्धित निकायले मातृभाषा अर्थात् राष्ट्रभाषाको संरक्षण र विकासका लागि अनिवार्य कदम चाल्नु नै पर्ने देखिन्छ ।

विश्वमा अहिले करिब सात हजार भाषा रहेको अनुमान छ । भनिन्छ, प्रत्येक १४ दिनमा एक भाषा मरिरहेको छ । अर्को शताब्दीमा जाँदा भाषिक समुदाय, जसले आआफ्नो मातृभाषा बोल्छ, ले बोल्न छाड्दै जाने र अङ्ग्रेजी, चिनियाँ, स्पेनी आदि अन्तर्राष्ट्रिय भाषा बोल्न थालेपछि हाल भएकामध्ये करिब आधा भाषा लोप भएर जाने अनुमान गरिएको छ ।

विश्वभर फैलिएको कोरोना महामारी र आर्थिक मन्दीले विश्वका धेरै पुराना र प्रतिष्ठित मिडिया बन्द भएका छन् भने नेपाल पनि त्यसबाट अछुतो रहेन । पर्याप्त बजेट नहुँदा र कमै जनशक्तिबाट पनि मातृभाषाको प्रकाशन प्रसारणमार्फत राष्ट्रिय निर्माणको प्रक्रियालाई बल दिँदै मातृभूमिको सेवा गरिरहेका ससाना लगानीका मिडिया अहिले थला परेका छन् ।

दीर्घकालसम्म राज्यको उचित नीति र दृष्टिकोण नभएमा ती आमसञ्चार संस्था पुनर्जीवित हुने सम्भावना कमै हुन्छ । राससको यस प्रयासले तिनलाई ब्युँताउने र मातृभाषासमेत समेटेर नयाँ मिडिया खोल्न चाहने नयाँ सञ्चार उद्यमीलाई प्रेरणा र उत्साह मिल्ने विश्वास हामी व्यक्त गर्न चाहान्छौँ । हाल राससले निःशुल्क रूपमा नै मातृभाषा समाचार सेवाग्राहीलाई उपलब्ध गराउने सोच राखेको छ । राज्यबाट प्रत्येक आवमा कम्तीमा अढाइ करोड रुपैयाँ बजेट प्राप्त भए हामी २०-२५ मातृभाषामा समाचार सेवा दिनसक्ने हैसियत पनि राख्छौँ ।

राससले समाचारका साथै समाचार सामग्रीका रूपमा

*बाँकी तीन पृष्ठमा*

# सन्तुलित परराष्ट्र नीति नै हाम्रो मार्गदर्शन

**डा शिवमाया तुम्वाहाङ्फे**

काठमाडौँ, ४ कात्तिक (रासस) ।

हाम्रोजस्तो मिश्रित निर्वाचन प्रणाली भएका मुलुकमा कुनै एउटा दलले स्पष्ट बहुमत ल्याउनसक्ने देखिँदैन । त्यतिबेला दुई वा दुईभन्दा बढी दलहरु मिलेर सरकार बनाउनुपर्ने हुन्छ । यसअघि संसद्मा तेस्रो राजनीतिक दलले कहिले पहिलो त कहिले दोस्रो दलको साथ लिएर सरकारको नेतृत्व गरेको थियो ।

यसपटक पहिलो र दोस्रो दलको संयुक्त सरकार गठन भएसँगै राजनीतिक स्थिरता भएको छ । जनताको निराशा, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, सुशासन, आर्थिक विकास, सामाजिक न्याय र समृद्धिको बाटोमा देशलाई लैजानै पर्ने आवश्यकताले दुई ठूला दल नेकपा (एमाले) र नेपाली कांग्रेसको संयुक्त सरकार गठन भएको छ । देशका विद्यमान समस्याहरू समाधान गरेर विकास गर्ने र सुशासनको अनुभूति गराई जनतामा आशा जगाउने उद्देश्यले गठन भएको वर्तमान सरकारले राजनीतिक स्थायित्व र आर्थिक विकासलाई गति प्रदान गर्ने मूलभूत उद्देश्य लिएर अघि बढेको छ । जनताको बढ्दो निराशा आशामा परिणत भएको छ । वर्तमान सरकार गठनपछि जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका ठोस परिवर्तन नभए पनि दीर्घकालीन परिणाम दिने काम भएका छन् ।

सरकार गठन भएको सय दिनको अवधिमा वर्षौंदेखि अड्किएको शान्ति प्रक्रियाको महत्वपूर्ण विषय बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी (टिआरसी) विधेयकलाई संसदले पारित गरेको छ । शान्ति प्रक्रियाको लामो समयदेखि सङ्कटमा परेको सङ्क्रमणकालीन न्यायसम्बन्धीको विधेयक पारित गराउन सफल र सक्षम यो सरकारले नै अब मुलुकको भाग्य र भविष्य निर्माण गर्छ भन्ने सङ्केत गरेको छ । यो विषय हाम्रो आन्तरिक मामिला मात्र नभएर विश्व समुदायकै लागि शान्ति प्रक्रियामा नेपालले गरेको उदाहरणीय कार्य पनि हो । सरकार सञ्चालनलाई प्रभावकारी र गतिशील बनाउन सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले) र अर्को मुख्य साझेदार नेपाली काङ्ग्रेसले आवश्यक सल्लाह सुझाव दिइरहेका छन् । यसले सरकार र पार्टी बीचको सम्बन्धलाई थप मजबुत बनाएको छ ।

नेपालीको महान चाड दशैंको मुखमा भएको प्राकृतिक विपद्ले ठूलो जनधनको क्षति गरायो । मौसमविद्हरुले पूर्वसूचना दिँदादिँदै पनि आवश्यक पूर्वतयारी र सावधानी अपनाउन नसक्दा ठूलो क्षति हुन पुग्यो । यद्यपि सरकारले तत्कालै विपद प्रभावित जनताको उद्दार, राहत र पुनःस्थापनासँगै भत्किएका सडकको मर्मत एवम् बैकल्पिक व्यवस्था गरी छोटो समयमै जनजीवनलाई सामान्यीकरण गराउन सकेको छ । सरकारले ४१ वटा स्थानीय तहलाई विपद सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ । विपदसँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ । विपद् व्यवस्थापनमा सरकारको मात्रै नभएर सङ्घसंस्था र नागरिक स्तरबाट पनि उत्तिकै क्रियाशीलता हुन आवश्यक हुन्छ ।

**विदेश सम्बन्धका कुरा**

वैदेशिक सम्बन्धतर्फ पनि सरकारले सय दिनको अवधिमा सकारात्मक दिशा लिएको पाइन्छ । वैदेशिक सम्बन्ध हाम्रो संविधान र कानूनले निर्देशित गरेका व्यवस्थाहरुको आधारमा विकाशित हुने कुरा हो । छिमेकीलगायत अन्य मित्र राष्ट्रहरुसँग रहँदै आएको परम्परागत मैत्री सम्बन्धलाई समयानुकूल गर्दै लैजाने र अन्य राष्ट्रसँग सम्बन्ध विस्तार गर्दै लैजानुपर्ने हुन्छ । नेपालले नैतिक मूल्यका आधारका साथै गौतम बुद्ध, शान्ति र सहनशीलताको देशका रुपमा आफूलाई चिनाउनुपर्छ भन्ने नै हाम्रो मान्यता हो । नेपाल सन् २०२६ सम्म विकासशील मुलुकमा स्तरोन्नति हुँदै गर्दा नेपालले साझेदारी र विदेशी दातृ निकायबाट लिइने सहयोगका ढाँचामा परिवर्तन गर्नु आवश्यक छ । दिगो विकासको २०३० एजेन्डा पूरा गर्न नेपालले गरेको प्रयास र त्यसका लागि आवश्यक सहयोग विस्तारमा जोड दिनुपर्नेछ ।

राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रताको मुद्दा विगतमा जति ओझेल परेका थिए, त्यसलाई सुधारेर एउटा सन्तुलित परराष्ट्र नीतिको सिद्धान्त अबलम्बन गर्नुपर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको छ । परराष्ट्र नीतिअन्तर्गत दुवै छिमेकी मुलुकहरुसँग र अरु हाम्रा सहयोगी मुलुकहरुसँगको सम्बन्धलाई सन्तुलित, व्यवस्थित र मर्यादित बनाउने कामसुरु गरिसकेको देखिन्छ । पञ्चशील र असंलग्नता जस्ता सिद्धान्तका आधारमा अन्य मुलुकहरुसँगको सम्बन्ध विकसित हुँदै आएको छ । ती मुलुकसँगको सम्बन्धलाई अझ विकासित गर्नको लागि सरकारले राजदूतहरु पठाउने गर्दछ । वर्तमान सरकार गठनपछि विभिन्न मुलुकको लागि राजदूतको सिफारिस भैसकेको छ । राजदूतहरुले सम्बन्धित देशसँगको सम्बन्धलाई अझ प्रगाढ तुल्याउँदै मुलुकको हित अनुकूल सहयोगका क्षेत्रहरुमा सहजीकरण गरी दुई देशबीचको पुलको रुपमा काम गर्नु पर्ने हुन्छ । राजदूतको सफलता त्यस देशका सरकार, नागरिक समाज र प्रवुद्ध वर्गसँग गरिने अन्तर्क्रियामा समेत निर्भर रहने गर्दछ । सरकारले मलाई पनि दक्षिण कोरियाको राजदूतमा सिफारिस गरेको सन्दर्भमा मैले सिङ्गो राष्ट्रको प्रतिनिधित्व गर्दै नेपालको इज्जत, गरिमालाई वृद्धि गर्न इमान्दार भएर कर्तव्य निर्वाह गर्नेछु ।

वर्तमान सरकार गठनपछि छिमेकी मुलुकसँगको सम्बन्ध अझ विस्तार भएको छ । उच्चस्तरीय भ्रमणहरुको आदानप्रदान हुने क्रम सुरु भएको छ । भर्खरै प्रधानमंत्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी भएर अन्तर्राष्ट्रिय जगतमा नेपालको परिचय अभिवृद्धि गराउन महत्वपूर्ण भूमिका खेल्नु भएको छ । यस पटक नेपालको प्रस्तुति र 'इन्गेजमेन्ट' विगतको भन्दा केही फरक देखिएको थियो । त्यस क्रममा विभिन्न देशका सरकार एवं राष्ट्र प्रमुखहरुसँगको भेटवार्ता तथा विभिन्न फोरमहरुमा सम्बोधन गर्ने क्रममा नेपालको सम्भावना, वर्तमान अवस्था र नेपालले विश्व समुदायमाझ राखेको अपेक्षाका बारेमा प्रस्ट रुपमा धारणा राख्नुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट भएको सम्बोधन तथा दुईपक्षीय भेटवार्तामा व्यक्त विश्व शान्ति, मानव-पृथ्वीको रक्षा, जलवायु न्याय, गरिबी निवारण, लोकतन्त्र र आर्थिक रुपान्तरणका यात्रामा नेपालको प्रयासबारे अवगत भएको छ । विश्वशान्ति, जलवायु परिवर्तन र विकासबारे अन्तर्राष्ट्रिय समुदायसँगका अपेक्षाबारे नेपालले स्पष्ट धारणा राखेको छ । 'फ्युचर अफ द समिट' र महासभामा भएको सम्बोधनमा प्रधानमन्त्रीले अल्पविकसित मुलुकका आवाजलाई प्रस्तुत गर्नुभएको छ । नेपाललाई सगरमाथाको देश वा बुद्धको देशका रुपमा मात्र नभई यहाका डाँफे, एक सिङ्गे गैंडा जस्ता विश्मा दुर्लभ बस्तुका आधारमा समेत परिचित गराउन सकिने विषयलाई उजागर गर्नु भएको छ । त्यस अवसरमा नेपालले शान्ति प्रक्रियाको विषयमा गरेको उदाहरणीय कार्यलाई विश्व समुदायले निकै प्रशंसा पनि गरेको थियो । समग्रमा हिमाली मुलुक, अल्पविकसित मुलुकले भोग्नु परेको चुनौती नेपालको नेतृत्वमा विश्वका नेतृत्वलाई सुनाउनु अर्को गर्वको विषय यो पटकको महासभा बन्यो ।

यतिबेला मध्यएसिया, पूर्वीएसिया र अफ्रिकामा हतियारको होडबाजी र युद्ध चलिरहेको छ । यसमा हामीले नरशंहारकारी बाटोमा नजान सम्बद्ध पक्षसँग आग्रह गर्ने हो । विश्व युद्धकालमा जस्तो हतियार र बलले नियम कानुन थोपर्ने बाटोबाट होइन, संवाद र कूटनीतिको बाटोबाट जाउँ भन्ने हाम्रो सन्देश हो । हामी द्वन्द्वरत पक्षको पक्षधरतामा नरहेर शान्तिका लागि सन्देश दिन सक्छौं । २१ औं शताब्दीमा हतियार र युद्धबाट जित्न खोज्ने बाटोले मानवता र पृथ्वी रहँदैन । नेपालको मौलिक शान्ति र सद्भावको सन्देशबाट अरुले पाठ सिक्न सक्छ । नेपालको सफल शान्ति प्रक्रियाको मौलिक अनुभवलाई युद्धरत मुलुकले लिन सक्छन् भन्ने कुरालाई प्रधानमन्त्रीले महासभामा सहभागी हुँदा पनि सन्देश दिनुभएको छ । *(प्रस्तुत विचार पूर्वमन्त्री एवं दक्षिण कोरियाका लागि प्रस्तावित राजदूत डा तुम्वाहाङ्फेसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)*

## *सबै समुदायको ...*

आलेख समाचार, तस्बिर, श्रव्य र श्रव्यदृश्य सामग्री पनि प्रदान गरिरहेका सन्दर्भमा सरकारको बजेटबाट एकमुष्ट रकम यसलाई विनियोजन हुन सकेमा एकद्वार प्रणालीमार्फत नै मातृभाषा समाचार र कार्यक्रम पनि सञ्चालन गर्न सकिन्छ । अझ यसको दिगोपनाका लागि मातृभाषा कोष नै खडागरी सङ्घीय, प्रादेशिक सरकार तथा स्थानीय तहबाट हैसियतअनुसार आर्थिक योगदान हुनसकेमा मातृभाषा समाचार सेवाको दिगोपनाको आशा गर्न सकिन्छ ।

कुनै पनि भाषा एकपल्ट लोप भएमा त्यसलाई पुनः ब्युँताउने कार्य बडो सकसपूर्ण हुन्छ र बचाउन सकिएन भने मानव सभ्यता नै नष्ट हुँदै जान्छ । बङ्गाली भाषाका लागि भएको आन्दोलनपछि बङ्गलादेश पाकिस्तानबाट विभाजित भएको सर्वविदितै छ । यसले नागरिकमा आफ्नो मातृभाषाप्रतिको मोह कति धेरै हुन्छ भन्ने इतिहास अध्ययन गर्न डोहोऱ्याउँछ । धेरै मातृभाषी पत्रपत्रिकाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा योगदान गरे भने अहिले प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्रवर्द्धन र सुशासनका पक्षमा पनि आवाज उठाउँदै आएका छन् । तिनले दिएको योगदानको राज्यले उचित मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

संयुक्त राष्ट्रसङ्घले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक नै घोषणा गरेको छ । सो दशकअन्तर्गत दुई वर्ष बित्न लागिसकेको छ । त्यसैले सञ्चार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र अन्य सम्बन्धित मन्त्रालय, भाषा आयोग, प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, प्रदेश र स्थानीय तहका सरकारसहित सम्बद्ध निकायमार्फत आदिभाषा, मातृभाषाको विकास, सम्वर्द्धन र संरक्षण हुने कार्यक्रम नेपालले तुरुन्त राज्यस्तरमै ल्याउनुपर्छ । यसमा मातृभाषासम्बन्धी गतिविधिमा संलग्न निजी क्षेत्रका सङ्घसंस्था, पत्रकार, सञ्चारकर्मीका संस्थाको पनि सक्रियता आवश्यक छ । यहाँनेर नेपाल भाषाका महाकवि सिद्दिदास अमात्यको भनाइ सम्झन चाहन्छौं- "भाषा म्वासा जाति म्वाइ" अर्थात् भाषा बाँचे मात्र जाति पनि बाँच्छ । उनले भने झैं नेपालका सबै जाति र तिनको एकतामार्फत राष्ट्रिय एकता र भौगोलिक अखण्डता एवं सार्वभौसत्ता अटल रूपमा कायम राख्नका लागि आमसञ्चारमाध्यममार्फत सबै मातृभाषा जोगाउन राज्य र सबै समुदायले आ-आफ्नोतर्फबाट अग्रसरता देखाउनै पर्छ । *(लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)*

## विश्व समाचार

### भारतीय एयरलाइन्सलाई बमको धम्कीले अराजकता बढाउँदै

नयाँदिल्ली, ४ कात्तिक (रासस/एएफपी) ।

भारतीय एयरलाइन्सहरूद्वारा सञ्चालित उडानहरूलाई ७० भन्दा बढी झुटो बमको धम्की दिइएको र यसले यात्रुहरूमा त्रास फैलाउनुका साथै विश्वव्यापी उडानमा ढिलाई निम्त्याएको भारतीय सञ्चारमाध्यमहरूले आइतबार बताएका छन् ।

सबै उडान सुरक्षित अवतरण भए पनि धम्कीहरूको यस शृङ्खलाले विमानहरूलाई क्यानाडा र जर्मनीमा मोड्न तथा बेलायत र सिङ्गापुरको आकाशमाथि लडाकू जेटहरूलाई विमान एस्कर्ट गर्न लगाउनुपरेको छ ।

भारत सरकार र नागरिक उड्डयन अधिकारीहरूले 'अत्यन्त कडा कारबाही' गरिने चेतावनी दिएका छन् । नयाँदिल्लीको नागरिक उड्डयन अधिकारीहरूले गत साता कति धम्की प्राप्त भए भन्नेबारे नखुलाए पनि टाइम्स अफ इन्डिया र न्युज१८ प्रसारकले अक्टोबर १३ देखि आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानलाई लक्षित गरी ७० भन्दा धेरै झुटो धम्की दिइएको बताएका छन् ।

शनिबार मात्र कम्तीमा ३० वटा झुटो धम्की दिइएको थियो । उडानमा ढिलाइ र मोडाइको विश्वव्यापी प्रभाव एयरलाइन्स तालिका र लागतमा धेरै परेको छ । भारतमा कम्तीमा एक जना नाबालक पक्राउ परेका छन् । यद्यपि धम्कीहरू जारी छन् ।

बुधबार पक्राउ परेपछि भारतका नागरिक उड्डयनमन्त्री राममोहन नायडूले भन्नुभयो, "अवरोध सिर्जना गर्ने अन्य सबै जिम्मेबार व्यक्तिको पहिचान गरिनेछ र विधिवत् मुद्दा चलाइनेछ ।"

शुक्रबार र शनिबार कम्तीमा ४० उडानलाई बमको धम्की पोस्ट गरेपछि सामाजिक सञ्जाल एक्समा एक बेनामी खाता निलम्बन गरिएको द इन्डियन एक्सप्रेसको एक रिपोर्टले बताएको छ ।यसमा संयुक्त राज्य अमेरिका र न्युजिल्यान्डका समेत गरी भारतीय र अन्तर्राष्ट्रिय एयरलाइन्स दुवै समावेश थिए ।

इन्डियन एक्सप्रेसका अनुसार निलम्बित खाताबाट पठाइएका समान सन्देशहरूमा लेखिएको थियो, "बोर्डमा बमहरू राखिएका छन्... कोही पनि जीवित बाँच्ने छैन। हतार गर्नुहोस् र विमान खाली गर्नुहोस् ।"

हालै प्रभावित उडानहरूमध्ये शनिबार सुरक्षित अवतरणपछि अमेरिकी सुरक्षा अधिकारीहरूले मुम्बईबाट न्युयोर्कको एयर इन्डिया उडानको जाँच गरेका थिए ।

प्रभावित अन्य उडानहरूमा नयाँदिल्लीबाट शिकागो जाने एयर इन्डिया विमान थियो । उक्त विमान मङ्गलबार क्यानाडाको सुदूर उत्तरी शहर इक्वालुइटमा आपत्कालीन अवतरण गर्न बाध्य भएको थियो ।क्यानाडाको वायुसेनाले यात्रुहरूलाई उडान गराउनुपरेको थियो।

सोही दिन सिङ्गापुरले एयर इन्डिया एक्सप्रेस विमानलाई एस्कर्ट गर्न लडाकू जेटहरू खटाएको थियो । बिहीबार विमानविरुद्ध धम्की दिइएपछि बेलायती आरएएफ लडाकू जेटहरूले एयर इन्डिया बोइङ ७७७-३०० लाई एस्कर्ट गरेपछि लन्डनमा सुरक्षित अवतरण भएको थियो।शुक्रबार नयाँदिल्लीबाट लन्डन जाने भिस्तारा उडान जर्मनीको फ्रेङ्कफर्टमा मोड्नु परेको थियो।

### इजरायली हमलामा गाजामा ७० को मृत्यु, तथ्याङ्क 'अतिरञ्जित' भएको इजरायलको भनाइ

तेल अभिव, ४ कात्तिक (रासस/एएनआई) ।

उत्तरी गाजाको बेइट लाहियामा भएको इजरायली आक्रमणमा ७३ जनाको मृत्यु भएको र धेरैजना भग्नावशेषमुनि पुरिएको आशङ्का गरिएको अल जजिराले जनाएको छ ।

उद्धार कार्य जारी रहँदा मृतकको सङ्ख्या बढ्ने अनुमान गरिएको गाजाको सरकारी मिडिया कार्यालयले जनाएको छ ।

गाजा पट्टीको उत्तरमा खाद्यान्न, पानी र औषधि जस्ता आवश्यक सेवाको पहुँच विच्छेद गरेको १६ दिने इजरायली सैन्य घेराबन्दीका कारण उत्तरी गाजाको अवस्था भयावह बनेको छ ।

यद्यपि, इजरायली रक्षा बल (आइडिएफ) ले उत्तरी गाजामा हालैका आक्रमणमा ७३ जनाको मृत्यु भएको हमासको दाबीमा शङ्का व्यक्त गरेको छ भने टाइम्स अफ इजरायलले यो तथ्याङ्क 'अतिरञ्जित' भएको जनाएको छ ।

लेबनानी सशस्त्र समूह हिजबुल्लाहले प्रहार गरेको रकेट आक्रमणको जवाफमा इजरायलले लेबनानको बेरुतमा उक्त समूहका लक्ष्यमा आक्रमण गरिरहेको टाइम्स अफ इजरायलले जनाएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको घरतिर ड्रोन प्रहार गरेपछि यो पछिल्लो आक्रमण भएको हो । सामाजिक सञ्जाल एक्समा नेतान्याहूले लेख्नुभएको छ, "इरानको प्रोक्सी हिजबुल्लाहले आज मेरो र मेरी श्रीमतीको हत्या गर्ने प्रयास गर्नु गम्भीर गल्ती थियो । यसले मलाई वा इजरायल राज्यलाई हाम्रो भविष्य सुरक्षित गर्न हाम्रा शत्रुविरुद्ध न्यायपूर्ण युद्ध जारी राख्नबाट रोक्नेछैन ।"

नेतान्याहूले इरानलाई थप चेतावनी दिँदै भन्नुभयो, "जसले इजरायली नागरिकहरूलाई हानी गर्ने प्रयास गर्छ उसले भारी मूल्य चुकाउनेछ ।"

इजरायलले हमास लडाकूविरुद्ध आफ्नो कारबाही जारी राख्ने र गाजाबाट बन्धकहरू फिर्ता ल्याउने आश्वासन दिएको उहाँले बताउनुभएको छ ।

# पोखरामा प्रदर्शनकारीले निषेधाज्ञा तोड्न खोज्दा तनाव

गण्डकी, ४ कात्तिक (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ताले निषेधाज्ञा तोडेर विरोध प्रदर्शन गर्न थालेपछि पोखराको सहिदचोकमा तनावको अवस्था सिर्जना भएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले पोखरा शहिदचोक र ग्रैहापाटन आसपासका क्षेत्रमा आइतबार बिहानदेखि निषेधाज्ञा जारी गरेको थियो । सहकारीको रकम अपचलनको आरोपमा पक्राउ पर्नुभएका रास्वपाका सभापति लामिछानेलाई अदालत उपस्थित गराउने क्रममा कार्यकर्ताले निषेधित क्षेत्र तोडेर प्रर्दशन गर्न थालेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रहार गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले सहिदचोकको पूर्वपट्टि वाईचोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङचोकस र ग्रैहापाटनको पालिखेचोकदेखि नविन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभा आदि विरोधका कार्यक्रम गर्न निषेध गरेको थियो । अर्को आदेश जारी नभएसम्म निषेधज्ञा जारी रहने प्रमुख जिल्ला अधिकारी भरतमणि पौडेलद्वारा जारी आदेशमा उल्लेख छ ।

सहकारीको बचत रकम अपचलनको मुद्दामा पक्राउ पर्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो ।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा सभापति लामिछानेलाई काठमाडौँबाट पक्राउ गरी शनिबार बिहान पोखरा ल्याइएको थियो । उहाँलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएको छ ।

पोखराको सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबाबु (जिवी राई) सँग मिलेर सभापति लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको विषयमा उहाँविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ ।

# उपचार खर्च बेहोर्न नसक्ने जलनपीडितको निःशुल्क उपचार गर्ने निर्णय

काठमाडौँ, ४ कात्तिक (रासस) ।

सरकारले उपचार खर्च गर्न बेहोर्न नसक्नेलाई जलनपीडितको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ । आइतबार मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले कस्मेटिकबाहेकको जलन उपचारको व्यवस्था निःशुल्क गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

सरकारले कोसी प्रदेशमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेस प्रदेशमा नारायणी अस्पताल, बागमती प्रदेशमा कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशमा भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत निःशुल्क उपचारको व्यवस्था गरिने जनाएको हो ।

स्वास्थ्य मन्त्रालयको आँकलनअनुसार नेपालमा वार्षिक ५७ हजार व्यक्तिहरु जलनबाट प्रभावित हुने गरेका छन् ।। हालसम्म जलनको उपचार कीर्तिपुर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल र सुस्मा मेमोरियल अस्पतालमा हुँदै आएको छ । वीर अस्पतालले लामो समयदेखि बन्द रहेको बर्न युनिट यही भदौदेखि सञ्चालनमा ल्याइसकेको छ ।

# मनाङमा लेक लागेर पर्यटकको मृत्यु

मनाङ, ४ कात्तिक (रासस) ।

मनाङको डिस्याङ गाउँपालिकामा लेक लागेर एकजना पर्यटकको मृत्यु भएको छ । डिस्याङ-३ याकखर्कमा टेन्टमा बसिरहेका स्विजरल्याण्डका नागरिको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

चुलु फरेष्ट जाने क्रममा टेन्टमा बसेका स्विजरल्याण्डका नागरिक राहदानी नं एस ०८८५१८७ भएका करिब ६३ वर्षीय मार्कुस सेसलरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्रबहादुर केसीले जानकारी दिनुभयो । राति सकुशल सेतेका निज बिहान नउठेपछि लेक लागेर मृत्यु भएको अनुमान गरिएको उहाँले बताउनुभो ।

“लेक लागेर मृत्यु भएको छ भन्ने खबर आइतबार बिहान सुरक्षामा खटिएका गार्ड कर्मा शेर्पामार्फत प्राप्त भएको हो”, प्रहरी निरीक्षक केसीले भन्नुभयो, “सूचना प्राप्त भएलगत्तै घटनास्थलमा पुगेर उद्धार गरी हेलिकप्टरमार्फत काठमाडौँ पठाउने तयारी भइरहेको छ ।” उहाँले १० विदेशी र २३ जना नेपाली नागरिकको उद्धार गरिएको जानकारी दिनुभयो ।


जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।

बालविवाह नगरौं नगराऔं ।

बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

“सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ”



जनहितका लागि

सुरुङ्गा नगरपालिकाको कार्यालय, सप्तरी



जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।

बालविवाह नगरौं नगराऔं ।

बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

“सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ”



जनहितका लागि

तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, सप्तरी


# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*